नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिमकोट, हुम्ला

☎ ०८७-६८००३३
६८०१३६
फ्याक्स: ०८७-६८००३४

प.सं. २०८३/८४ मिति २०८३/०७/२०
च.नं. ने.सं. ११४६ कौलागा द्वादशी

दिपावलीको मंगलमय शुभकामना सन्देश

हुम्ला जिल्लावासी आदरणीय आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू,

आजबाट शुरु भएको नेपालीहरुको महान चाँड तिहार (शुभ दीपावली) २०८३, नेपाल संवत् नयाँ वर्ष तथा छठ पर्वको पावन र उल्लासमय अवसरमा हुम्ला जिल्लाभित्र तथा जिल्लाबाहिर रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी एवं आदरणीय जिल्लावासीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

हाम्रो मौलिक संस्कृति र परम्पराको प्रतीक मानिने तिहार पर्वले आपसी भ्रातृत्व, भगिनीत्व र सामाजिक सद्भावलाई अझ प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ। उज्यालो र उमङ्गको यस महान् पर्वले हामी सबैलाई हुम्ला जिल्लाको विकास, समृद्धि र सुशासनका लागि एकजुट भएर अगाडि बढ्ने प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

चाडपर्व मनाउने क्रममा जिल्लाभरि शान्ति सुरक्षा, अमनचयन र कानुनी मर्यादा कायम राखु हामी सबैको साझा दायित्व हो। यस अवसरमा म सम्पूर्ण आदरणीय जिल्लावासीहरूमा निम्न कुराहरूका लागि हार्दिक अपिल समेत गर्दछु:

१.सभ्य र सुरक्षित रूपमा चाडपर्व मनाउनुहुन: जुवातास, मद्यपान र उच्छृङ्खल गतिविधिहरूबाट टाढा रही सभ्य तरिकाले पर्व मनाउनुहुन।

२.विष्फोटक पदार्थको प्रयोग नगर्नुहुन: पटाका, आतसबाजी जस्ता प्रज्वलनशील पदार्थको ओसारपसार र प्रयोगले दुर्घटना निम्त्याउन सक्ने हुनाले यसको पूर्ण रूपमा नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन।

३.सामाजिक सद्भाव कायम राख्नुहुन: देउसी-भैलो जस्ता सांस्कृतिक कार्यक्रमहरू मर्यादित र तोकिएको समयभित्र रही सञ्चालन गर्नुहुन।

हुम्ला जिल्ला प्रशासन जिल्लावासीको सुरक्षा र सेवामा सदैव प्रतिबद्ध छ। चाडपर्वको समयमा बजार अनुगमन, शान्ति सुरक्षा र आकस्मिक सेवाहरू चुस्त दुरुस्त राखिएका छन्। कुनै पनि सुरक्षा थ्रेट वा गुनासो भएमा तुरुन्तै सुरक्षा निकायमा सम्पर्क गर्नुहुन अनुरोध छ।

अन्तमा, प्रकाशको यस पर्वले हुम्ली जनताको जीवनमा नयाँ ऊर्जा, उमङ्ग र समृद्धि लिएर आओस्। सम्पूर्णमा तिहारको हार्दिक शुभकामना!

धन्यवाद।

(प्रमुख जिल्ला अधिकारी)
जिल्ला प्रशासन कार्यालय, हुम्ला।